म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १४४ २०८१ वैशाख ३ गते सोमबार 15 April 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## खोल्सामा डुबेर वृद्धाको मृत्यु

हेटौंडाः मकवानपुरको थाहा नगरपालिकामा-४, धारापानीस्थित खोल्सामा डुबेर एक वृद्धाको मृत्यु भएको छ। मृत्यु हुनेमा थाहा-४, नारायणझ्याउ बस्ने ७२ वर्षीया लाक्पा शेर्पा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। आइतबार बिहान साढे १० बजेको समयमा धारापानीस्थित खोल्सामा जम्मा भएको पानीमा डुबेर महिलाको मृत्यु भएको खबर प्रहरीले पाएको थियो । खबर पाउनासाथ इलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी टोली घटनास्थलमा गएको प्रहरीको भनाइ छ । दिउँसो साढे २ बजेको समयमा शेर्पाको श्रीमान श्यामबहादुर थिङले घटनास्थलमा गई शवको सनाखत गरेको प्रहरीले जनाएको छ। मुचुल्कापश्चात् शेर्पाको शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको छ।

# भर्ना अभियान सुरु, शिक्षक घरदैलोमा



*हेटौँडा-१८ स्थित कमला आधारभूत विद्यालयका शिक्षक, अभिभावक, जनप्रतिनिधि भर्ना अभियानअन्तर्गत घरदैलो गर्दै ।*

समाज संवाददाता

हेटौंडाः नयाँ शैक्षिक सत्र २०८१ को भर्ना अभियान आइतबारबाट सुरु भएको छ । विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना गराउने गरी भर्ना अभियान सुरु भएको छ । "सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता" भन्ने आदर्श वाक्यसहित भर्ना अभियान सुरुवात गरिएको छ ।

यता मकवानपुरका सरकारी विद्यालयले चैत तेस्रो सातादेखि नै घरदैलो गरेर समुदायका बालबालिकालाई विद्यालयमा भर्ना गराउन प्रचारात्मक कार्य गर्दै आएको छ। मकवानपुरमा भने निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले बैशाख ४ गते मात्रै नतीजा सार्वजनिक गर्न विद्यालयहरुलाई निर्देशन दिएको छ ।

चैत दोस्रो सातादेखि परीक्षा सञ्चालन गर्दा नतीजा सार्वजनिक गर्न ढिलाई भएको उल्लेख गर्नुहुँदै अध्यक्ष सुवेदीले भन्नुभयो, "बैशाख ४ गते नतीजा सार्वजनिक भए लगत्तै भर्ना अभियान सञ्चालन गर्नेछौं ।"

### हेटौंडाको कार्यपालिका बैठक

## २५ प्रतिशत रकमान्तर, जग्गा फिर्ता लिने निर्णय

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको कार्यपालिका बैठक आइतबार बसेको छ। कार्यतालिकाअनुसार बैशाख २ गते आइतबार बसेको कार्यपालिका बैठकले चालु आर्थिक वर्षमा व्यय अनुमानका क्षेत्रगत केही शीर्षकमा बजेट अपुग भएको भन्दै चालु आर्थिक वर्षमा खर्च नहुने शीर्षकबाट २५ प्रतिशत बजेट रकम रकमान्तर गरी अपुग शीर्षकमा खर्च गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरेको छ । आइतबार साँझ उपमहानगरपालिकाले कार्यपालिका बैठकका निर्णय सार्वजनिक गरेको छ।

हेटौंडा उपमहानगरले हरेक महिनाको २ र १६ गते नियमित बैठक बस्ने कार्यतालिका बनाएको छ । कार्यपालिका बैठकले हेटौंडा-२ स्थित उपमहानगरको कार्यालयसँगैको जग्गामा बागमती प्रदेश सरकारलाई सभाहल निर्माण गर्न दिएको जग्गा र नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश कार्यालयको भवन निर्माण गर्न दिएको हेटौंडा-११ स्थित जग्गा फिर्ता लिने निर्णय गरेको छ। प्रदेश सरकारले निर्माण गर्ने भनिएको सभाहल निर्माणको कार्य सुरु गरे पनि सम्पन्न हुन सकेको छैन ।

यस्तै नगर प्रहरीका ५ वैकल्पिक उम्मेदवारलाई अवकास दिने, खारेज भएको भूमि आयोगको काम गर्ने गरी करारमा नियुक्त कर्मचारीलाई अवकास दिने निर्णय पनि कार्यपालिकाले गरेको छ।

## गैंडाको आक्रमणबाट रेग्मीको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-८, बगर्जुन जङ्गलमा गैंडाले आक्रमण गरी एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा गोरखा जिल्लाको आरुघाट गाउँपालिका-८, पोखरी घर भई हाल रत्ननगर नगरपालिका-६ सौराहामा डेरा गरी बस्दै आएका ३३ वर्षीय सुवास रेग्मी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

रेग्मी जंगल वर्ल्ड रिसोर्ट सौराहामा गाईडको काम गर्दै आएका थिए। शनिबार बिहान ११ बजेर ५० मिनेटको समयमा गैंडाको आक्रमणमा गरी गम्भीर घाईते भएका रेग्मीलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुरतर्फ पठाइएकोमा उपचारको क्रममा शनिबार दिउँसो मृत्यु भएको प्रहरीले जनाएको छ।




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## सम्पादकीय

# पठन संस्कृतिको बहस

पठनीय पुस्तक प्रकाशनको क्रम व्यापक बन्दै गए पनि पछिल्लो समय पठन संस्कृतिमा ह्रास आइरहेको छ । इन्टरनेटको पहुँच र प्रयोग बढ्दै गएका कारण आम मानिसमा पुस्तक तथा पत्रपत्रिका पढ्ने रुचि तथा बानी घट्दै गएको पाइन्छ । विद्यालय तथा विश्वविद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरुमै पठन संस्कृति कमी हुँदै गएको छ । तोकिएका पाठ्यक्रमअनुसारको पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री अध्ययन गरेर परीक्षामा सोधिएका प्रश्नको उत्तर लेखेर उत्तीर्ण हुनुपर्ने विद्यार्थीमै पुस्तक पढ्ने बानी कम हुँदै जानुले राम्रो संकेत गर्दैन । इन्टरनेटको सहायताले मोबाइल तथा कम्प्युटरमा विभिन्न सामाजिक सञ्जालमा व्यस्त हुँदै गएका पछिल्लो पुस्तामा पठन संस्कृति कम हुँदै जानु चिन्ताको विषय बनिरहेको छ । पुस्तक, पत्रिका पढ्ने र आफ्नो ज्ञान तथा सिर्जनात्मक क्षमता बढाउनेतर्फ अहिलेको पुस्ता उदासिन बनेपछि पठन संस्कृतिको विकासका लागि विभिन्न बहस तथा चर्चा हुन थालेको छ ।

नयाँ वर्षको पूर्वसन्ध्यामा हेटौंडा–९ को विभिन्न टोलमा रहेका बालबालिकाबीच पठन संस्कृतिबारे बहस गरिएको छ । बालबालिकाको मुख्य काम भनेको पढ्ने नै हो । बालबालिकामा पठन संस्कृतिको विकास गराउन सकेमा उनीहरुलाई औपचारिक शिक्षा आर्जन गर्न सहज हुनुका साथै अन्य सिर्जनात्मक क्षमता वृद्धि गराउन सकिन्छ । यही तथ्यलाई मध्यनजर गर्दै हेटौंडा–९ को लामसुरे हाइट टोल विकास संस्थाले बालबालिकालाई सहभागी गराएर पुस्तक चर्चा तथा पठन संस्कृतिको विकासबारे बहस गराउनुलाई सकारात्मक मान्नुपर्छ । वडाभित्रका विभिन्न टोल विकास संस्थाभित्रका बालबालिकालाई उपयोगी पुस्तक वितरण गरी पुस्तक अध्ययनसँगै पुस्तकबारे चर्चा गराइएको हो । पुस्तकको चर्चा गरेका उत्कृष्ट बालबालिकालाई पुरस्कारसमेत गरिनुले उनीहरुलाई पुस्तक पढ्न उत्प्रेरित गर्ने आशा गर्न सकिन्छ । बालबालिका आफूले पढेको पुस्तकका बारेमा चर्चा गर्न सक्ने भएमा यसले उनीहरुलाई औपचारिक शिक्षा हासिल गर्न पनि सहयोग गर्ने निश्चित छ ।

पछिल्लो समय पढ्ने बानीका साथै पढ्नुपर्छ भन्ने भावनासमेत कमजोर बनिरहेको छ । आमरुपमा सचेतना र साक्षरता बढ्दै गए पनि पुस्तक पढ्ने संस्कृति हराउँदै गएका कारण पठन संस्कृतिको विकासका लागि केही यस्ता प्रयत्न हुनुलाई सुखद् मान्न सकिन्छ । पुस्तक तथा पत्रिकालाई फुर्सदको समय सदुपयोग गर्ने माध्यम बनाएर आफ्नो आवश्यकता र रुचिअनुसारको पुस्तक पढ्ने बानीको विकास गर्न सकिन्छ । पढ्ने बानीको विकास हुँदै जाँदा पढ्ने इच्छा पनि बढ्दै जान्छ । हरेक पुस्तक आफैंमा महत्वपूर्ण ज्ञानको भण्डार हो । आफ्नो ज्ञानको दायरा फराकिलो बनाएर सिर्जनात्मक क्षमता बढाउन पठन संस्कृतिको विकास अपरिहार्य हुन्छ । हेटौंडाको ९ नम्बर वडा कार्यालय र टोल विकास संस्थाहरुले पठन संस्कृतिको विकासका लागि गरेको राम्रो अभ्यासलाई अन्यत्र पनि अनुसरण गर्नु सान्दर्भिक हुनेछ ।

उपयोगी पुस्तक, पत्रिका तथा म्यागेजिनहरु पढ्ने बानीको विकासबाट बालबालिकाको सिर्जनात्मक क्षमता वृद्धि हुन्छ । विद्यालयमा अध्ययन गर्ने बालबालिकाले वार्षिक परीक्षापछि, वर्षे वा हिउँदे विदा र दशैं–तिहारको विदाको समय सदुपयोग गर्न पनि विभिन्न पुस्तक पढ्नु उपयुक्त हुन्छ । हरेक घरका अभिभावकले फुर्सदको समयमा मोबाइल, टिभीमा रमाउनेमात्र नगरेर पढ्ने उचित वातावरण बनाउन सक्नुपर्छ । यसका लागि उनीहरुले घरमा आफू पनि पढ्ने र बालबालिकालाई पनि पढ्न प्रेरित गर्नु उचित हुनेछ । हरेक घरसँगै टोल तथा समुदायस्तरमा पनि पठन संस्कृतिको विकासबारे व्यापक चर्चा तथा बहस हुनुपर्छ । विद्यालयहरुले पनि विद्यार्थीमा पठन संस्कृतिको विकास गर्न ध्यान केन्द्रित गर्नुपर्छ । यसका लागि समुदाय तथा विद्यालयस्तरमा पुस्तकालयको व्यवस्था गरी उपयोगी पुस्तकसहित पढ्ने वातावरण बनाउनुपर्छ । यसका लागि स्थानीय सरकारले उचित स्रोत साधनको व्यवस्थापन गर्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
**वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
**मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
**कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
**सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
**कन्या** : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
**तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
**वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
**धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
**मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
**कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
**मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# देश कृषिप्रधान कि कुर्सीप्रधान ?

**हजारौं नेपालीले घर छोड्दै छन्, असहाय बेसहाराहरूको वृद्धि हुँदै छ, रोजगारी नदिने र सीप नभएको शिक्षा त्यो पनि दुर्लभ, महँगो छ, खानेपानी आपूर्ति छैन, दुई हप्तामा धारामा पानी, त्यो पनि लेदो मात्रै कसलाई भन्ने, कसको जिम्मेवारी हो यो ?**



✍अच्युतप्रसाद पौडेल 'चिन्तन'



नयाँ वर्षको पूर्वसन्ध्यामा ललितपुरका विभिन्न क्षेत्र खासगरी लेले, नल्लु, भारदेउदेखि गोटीखेलसम्मका कृषिभूमिमा घुम्न हिँड्दा डोजरहरूले भत्काइएका दृश्यबाहेक अरू देखिएन । धूलोले ढाकेको र दिउँसै अन्धकार अनि कृषि बालीको क्षेत्रमा प्लटिङ भइरहेको देख्दा हिँड्ने बटुवा मात्रै होइन; पूरै लोकतन्त्र, गणतन्त्र र संघीयता नै मूर्च्छित भइरहेका दृश्यहरू देखिए । देशमा हरेक दिन राजनीतिको किचलो छ । विश्व बैंकको भाषामा भन्नुपर्दा पनि यहाँ राजनीतिक अस्थिरताले लगानीको वातावरण छैन । सरकारले यही वैशाखमा अर्को अन्तर्राष्ट्रिय लगानी सम्मेलन गर्दै छ तर विश्वका लगानीकर्ताहरू भने फाइदा हुने भए मात्र लगानी गर्न इच्छुक देखिन्छन् ।

यहाँको कर्मचारीतन्त्रमा विश्वको धारणा सकारात्मक बन्न सकेको छैन । बाह्य लगानी कम भए पनि आन्तरिक लगानी बढ्नुपर्ने थियो तर निजी क्षेत्र यसमा सकारात्मक छैन र हरेक अर्थमन्त्री परिवर्तन भएसँगै आफ्ना मागहरू घचघच्याउन अग्रसर छ । गत आव ०७९-८० मा १.९ प्रतिशत आर्थिक वृद्धि भनिरहँदा हाम्रो नेतृत्वलाई लाज लागेन । यो आवमा सरकारले ६ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य राख्दा विश्व बैंकले केही समयअघि ३.९ प्रतिशतको प्रक्षेपण गरेको थियो, अब उसले साउथ एसियन डेभलपमेन्ट अपडेट प्रकाशित गर्दै यो अंकलाई झारी ३.३ प्रतिशत भनेको छ ।

अर्को वर्षलाई उसले ४.६ प्रतिशत र सन् २०२६ मा ५.३ प्रतिशतको प्रक्षेपण गरेको छ । दक्षिण एसियामा अफगानिस्तानबाहेक बाँकी देशको आर्थिक वृद्धि ६ प्रतिशत हुने, नेपालको भने ३.३ प्रतिशतको वृद्धिको अनुमान छ । अहिले छिमेकी भारतको ७.५ प्रतिशत र बंगलादेशको ५.६ प्रतिशत भनिएको छ । भुटानको समेत ४.९, अनि माल्दिभ्सको ४.७ प्रतिशतको वृद्धि देखाइँदा हामी श्रीलंकाको २.२ प्रतिशतको हाराहारीमा देखिएका छौँ । नेतृत्वले यसलाई ठूलो चुनौतीको रूपमा मान्नुपर्ने थियो ।

कृषिप्रधान देशमा अनाज, खाद्यान्न सबै विषय आयात हुन्छ । भन्सार विभागको आँकडामा धान भित्र्याउने मुख्य समय कात्तिक-मंसिर भनौँ यसै साउनदेखि फागुनमा मात्रै २१ अर्बको धान आयात भएको छ । मकै ७ अर्बको छ भने फलफूललगायतका सामान विदेशबाटै आएको छ, अर्बौं अर्बको । कृषिगणना २०७८ अनुसार ६३ प्रतिशत किसान परिवारले भनौँ ४१ लाख ३० हजार परिवारले २२ लाख १८ हजार हेक्टर क्षेत्रमा कृषि कर्म गर्दै छन् । आव ०७२/७३ पछि देशमा कृषि फसल फस्टाउने भन्दै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागू भयो, यान्त्रिकरणमा जोड दिने भनियो, पाखापाखामा मेसिन पठाइयो ।

तर मेसिनको मूल्य, त्यसको सञ्चालन, मर्मत-सम्भार गर्न जानिएन । खेतबारीका कान्ला भत्किए, इन्धन आपूर्ति महँगो भयो । प्रांगारिक गाईगोरुको अभाव, मल पनि कम हुँदै आयो । मेसिन भनौँ खेतबारी जोत्ने ट्र्याक्टर अनुदानमा राजनीति जोडियो, टाठाबाठाले पाए । बिस्तारै गाईगोरु विस्थापित भए, सडक पसे ती, बेसहारा बनेर । अघिल्लो २०६८ को गणनामा मेसिन प्रयोग गर्ने किसानको संख्या २ प्रतिशत बढेर २०७८ को गणनामा ११ प्रतिशत पुग्यो तर कृषि उत्पादन बढेन । अघिल्लो गणनामा गाईगोरु पाल्ने किसानको संख्या २२ लाख ८१ हजार हुँदा पछिल्लो तथ्यांकमा १७ लाखमा झरे ।

गाईगोरुको पहिलेको संख्या ६४ लाख ३० हजारमा पछिल्लो गणनामा ४५ लाखमा झरे । दिनमा एक डोको घाँस, त्यो पनि स्थानीय खेतबारीको दिए पुग्ने गाईगोरुको साटो अब मेसिन प्रयोग गर्दा चर्को आयातित मूल्यको इन्धन त्यो पनि सञ्चालनको प्रविधि, मर्मत, अप्ठेरा धेरै रहे किसानहरूका समस्या । हिँडाएर पाखापखेरीमा जान सक्ने गोरुको साटो हेलिकप्टर उड्दै ट्र्याक्टर पुगे, देख्नलाई त रमाइलो भयो, भरे हातमा आयो शून्य भयो । कृषकहरू ओइलिएको साग बन्न थाले, गाउँबेसीमा टिक्न-बस्न नसक्ने भए, सक्ने सहर पसे धेरै खाडीतिर भासिए । निरन्तर खाद्यान्नको संकट हुने संकेत मिल्दै छ अहिले र निकटमा देश सोमालिया हुने शंका गरिँदै छ । मल, बीउ, सिँचाइको हाहाकार छ, बल्ल वर्षा भयो भने बाली मात्रै होइन घर, खेत, बारी नै सोलोलो भएका दुःखद खबर पनि छन्, गाउँ नै बाढीपहिरोमा परेको अवस्था छ भने दसैँको मुखैमा अनाज बगेको र किसानहरू नै मरेका छन् ।

छिमेकीहरू भने खाद्यान्न निर्यातक बनेका छन् । चीनले तीन दशकमा आफ्नो अर्थप्रणाली १० गुणाले बढायो । त्यति ठूलो जनसंख्या भएको देशले सन् १९९० सम्मा विश्वमा २ प्रतिशत मात्रै योगदान गरेको थियो भने अहिले १८ प्रतितले विश्वमा योगदान बढाएको छ । औद्योगीकरण तीव्र छ, वाणिज्य र वित्त केन्द्रका रूपमा रहेको छ यो संसारकै । उसले विश्वका १ सय २८ देशसँग व्यापार साझेदारी गर्दै छ, सबैभन्दा बढी विदेशी मुद्राको भण्डार उसैसँग छ । सन् २०१३ देखि १० प्रतिशतको आर्थिक वृद्धि गर्दै छ । उता आर्थिक राजधानी मानिएको युएसएले ०.६० अर्ब डलरको सरकारी ऋण प्रवाह गर्दा चीनको ८० अर्ब डलरको भएको छ सरकारी ऋण प्रवाह ।

कम्बोडिया, लाओस, इन्डोनेसियाहरू ऋण लिनेमा अग्रपंक्तिमा छन् । हामीले परिवर्तनपछिको तीन दशकमा के गरेका छौँ मूल्यांकन भएको छैन र सवा सय वर्ष व्यतीत हुँदा २८ सय मेगावाट बिजुली उत्पादन छ, र छिमेकीले बिजुली आयातमा सम्झौता नवीकरण नगर्दा निद हराम हुने भएका छौँ । पानीको धनी देशमा बिजुली अयात हुन्छ, महँगो दरको इन्धन पेट्रोलियम पदार्थ पनि र देश ठूलो व्यापार घाटामा छ । पर्यटनमा अब्बल मानिएको देशमा पर्यटकको संख्या गन्दै हामी ताली बजाउने भयौँ र तिनले गर्ने खर्च बढाउन हामीले पूर्वाधार बढाउन सकेनौँ । नयाँ वर्ष २०२४ लागेसँगै कोभिडपछिको पर्यटक संख्या बढेको छ । जनवरीमा ७९ हजार १ सय, फेब्रुअरीमा ९७ हजार ४ सय २६, मार्चमा १ लाख २८ हजार १ सय ६७ जना पर्यटक, त्यो पनि धेरै चीन र भारतबाटै आएको आँकडाले हाम्रो देश पर्यटनमा उँभो लाग्न सक्छ भन्ने गतिलो संकेत हो । तर, हाम्रा बाटाघाटा, मौसमको पूर्वानुमान प्रणाली, दिनदिनैको कहालीलाग्दो सवारी दुर्घटनाको रोकथाम, सरसफाइ वृद्धि, पानीको पर्याप्त आपूर्ति गर्नु जरुरी छ ।

संसारले सहकारीबाट छलाङ मारेको छ । विकसित बेलायतदेखि पछि विकास भएको उही चीन अनि अन्यान्य देशले सहकारीबाट कत्रो विकास गरे हाम्रा सहकारी र लघुवित्त क्षेत्रप्रति दिनदिनै विरोधका स्वर छन् । राजनीतिको पसारो यी क्षेत्रमा पनि परेरै हो यो समस्याले विकराल रूप लिएको । शिक्षा, स्वास्थ्यलगायत तमाम क्षेत्र अनि उद्यम, व्यापार, रोजगारी हरक्षेत्रमा राजनीति घुसेकाले देश सच्चिने होइन अब सक्किने अवस्थामा छ, कुनै सूचक सकारात्मक देखिएका छैनन् ।

उत्पादन वृद्धि, रोजगारीको सिर्जना र निकासी व्यापारतिर सरकारको चासो नै गएन, केवल मान्छे निर्यात गर्ने ढुकुटी भर्नेतिरको मात्र सोच रह्यो । राज्यको एजेन्डा भनेको दलभक्ति, सरकार बनाउने र ढाल्ने मात्रै रह्यो । दलीय स्वार्थ हर क्षेत्रमा रह्यो, उद्यमी-व्यापारीहरू धमाधम राजनीतिको छाता ओढ्न थाले, त्यसैमा आफू सुरक्षित महसुस गर्न थाले, ठूला भ्रष्टाचार पर्दाहरू खुल्न थाले । सुशासनको पूर्ण अभाव हुँदा देश तलतल भास्सिँदै गयो । हरेक विषयमा विदेशीले आँखा लगाउन थाले, देश आत्मनिर्भर भएन । मानिस आवतजावत गर्ने बाटाघाटाहरू धुलाम्मे र हिलाम्मे भए । सामान ढुवानी कार्य असहजता, दिनदिनैको सवारी दुर्घटनाले मानव पुँजी धेरै नोक्सान भयो ।

देशमा इमानदारिता झुक्ने, बेथिति सिस्नोझैं मौलाउने भयो । सडक निर्माणमै लापरबाही, कमिसनको खेल, कम गुणस्तरका सामानको प्रयोग, सवारी इजाजतमै नक्कली काम, मादक पदार्थ सेवन, चालकहरूको लापरबाही, अनुगमनको अभाव, सबैजसो प्रशासनिक संयन्त्रहरू पैसामा बिक्न थालेकाले कामको गुणस्तर भएन । पूर्वपश्चिम नारायणघाट बुटवलको सडक हेर्दा पनि देशको लोकतन्त्र भोकतन्त्रमा परिणत भएको लोभतन्त्र फस्टाएको र संघीयता केवल केन्द्रमा बाहेक कतै नभएको आभास हुँदैछ ।

हजारौं नेपालीले घर छोड्दै छन्, असहाय बेसहाराहरूको वृद्धि हुँदै छ, रोजगारी नदिने र सीप नभएको शिक्षा त्यो पनि दुर्लभ, महँगो छ, खानेपानी आपूर्ति छैन, दुई हप्तामा धारामा पानी, त्यो पनि लेदो मात्रै कसलाई भन्ने, कसको जिम्मेवारी हो यो ? अस्पतालहरू त्यस्तै छन् । १४ महिनामा तीनवटा नीत आउने देशमा अस्थिरताको चक्रव्यूह छ र नेतृत्व फेरि भन्दै छ उथलपुथल हुन्छ भनेर, पुँजीगत खर्च नभएसम्म रोजगारीका काम नहुने, बजार चलायमान नहुने र शिथिल अर्थतन्त्र सक्रिय नहुने स्पष्ट छ, विदेशी मुद्रा बैंकमा थुप्रिँदा त्यसको प्रयोग भएन र बैंकहरूमा अधिक तरलता । र, ब्याजदर कममा पनि कर्जा प्रवाह बढेन ।

एक किलो नुनमा भन्सार लाग्छ, सय किलो सुन एयरपोर्टबाट छिर्छ, हाम्रो सुशासनमा । पशुहरू लम्पी स्किन रोगले सोत्तर छन्, दूधको भुक्तानी भएको छैन, सिन्धुपाल्चोक र नुवाकोटमा भेटिएका किसानहरू पंक्तिकारलाई भन्दै थिए– ६ महिनाअघिदेखिको पैसा पाइएन । निर्माण व्यवसायीहरू यसै भन्दै छन्, बीमा रकम भुक्तानी नभएको स्वास्थ्य संस्थाहरूको कुरा छ,, पैसा कहाँ जान्छ ? कषि कार्यमा सहयोग गर्ने र गरिबी घटाउने भन्दै उम्रिएका सहकारीहरू ३१ हजार ३ सय ७३ संस्था र तिनले प्रवाह गरेका ४ खर्ब ७८ अर्बको ऋण के हुन्छ अब ?

यस्तै क्रममा परेका लघुवित्त सदस्यहरू ६० लाख छन्, २७ लाख ३५ हजार ७ सय ४५ लघुवित्त ऋणी छन् देशमा, तिनको प्रबन्ध कसरी कसले गर्ने गर्ने ? स्याउ, अंगुर, खर्बुजा, नास्पाती, मेवालगायत चाडबाडका अधिकांश सामान विदेशबाट आयात भएको छ, दूध, माछा, मासुमा आत्मनिर्भर भनिरहँदा अर्बौंका यी सामान भित्रिएको छ, सडेर, ढुसी परेर जाँदा पनि यिनको मूल्य घट्दैन । पशु धन, कृषि धन बढाउने जनशक्ति नै निर्यात छ् र व्यापारघाटा, विदेशी ऋण बढेको छ, खाद्यान्नलगायत सबै बस्तु आयात छ । पशधनको साटो डिउ, फ्यान्टा, कोकले जितेको छ, र बहुराष्ट्रिय कम्पनीका धनमाल बिकाउमा छन्, स्वास्थ्य जस्तो होस्, चासो भएन ।

पूर्वीय दर्शनमा पशुधन वृद्धि हुनेलाई समृद्ध भनिन्थ्यो, अब पनि कृषि कर्म नै सम्मानित हुनुपर्ने हो । राजनीतिक परिवर्तनअघिसम्म हामी खाद्यान्न निर्यात गर्थ्यौं, अहिले सबै आयात गर्ने भयौं । देश खाद्यान्न संकटमा छ, शिक्षा, संस्कार र संस्कृति पनि आयातित भयो, यहाँ मोबाइल छ, टिकटक छ, फेसबुक छ, पुस्तकहरू विस्थापित छन् र स्कुलहरू व्यापारिक केन्द्र बनेका छन्, हिँडाइ छैन, शारीरिक अभ्यासको अभावमा सहरमा अस्पतालहरू भरिभराउ छन् ।

दूध पिए छिटो लाग्दैन, अरू पिए लागिहाल्छ, दूध, दही, मोहीमा कति पौष्टिक, खुराक छ भन्ने थाहा छैन । गाईभैंसीको संख्या १ करोड २७ लाख १६ हजारमा गाईको मात्रै संख्या ७४ लाख ४८ हजार ९ सय रहेको र भैंसीको संख्या ५२ लाख ५७ हजार रहेका तथ्यांक छ, गाईको गोबरले लिपेको घर, तुलसी, कुश, गोठ, तिल भएको घरमा सुखलक्ष्मीको बास हुन्छ । घर, गोठ र गोबरको महत्व हुन्जेल, घरघरमा गौसेवा हुन्जेल हामीले अनाजका लागि विदेशी हात थाप्नुपरेको थिएन, ठूला असाध्य रोगहरूसँग पनि मुकाबिला गर्नुपरेको थिएन, तर यो दन्त्यकथा भएको छ हिजोआज ।

हामीकहाँ प्राकृतिक प्रकोप धेरै छन् अन्नबाली धेरै सोत्तर भएका छन्, मानिसकै बीमाको सुविधा राम्ररी नपाइएको अवस्थामा कृषि एवं पशुधनको क्षतिपूर्ति दिने कसरी, भनौँ भने गरिबी र बेरोजगारीको चक्करमा परेको पूरै देशलाई बीमा गर्नुपर्ने भएको छ, सबै काम राजनीतिकरण गर्ने गरिएको छ । ४ प्रतिशत किसानले बीमा सुविधा पाएमा ६२ प्रतिशत देशमा किसान हुँदा ४५ प्रतिशतलाई मात्र खाद्यान्न पुग्ने अवस्था छ । राजनीतिक क्षेत्रले निम्त्याएको जमिनको खण्डीकरण नरोकेसम्म भोलिका दिन अझै संकटग्रस्त हुने हो । *(स्रोतः कारोबारदैनिक)*

# २०८० चुनौतीपूर्ण बर्षः पत्रकार महासंघ

**समाज संवाददाता**

हेटौँडाः नेपाल पत्रकार महासंघले २०८० साल नेपाली पत्रकारिता क्षेत्रका लागि चुनौतीपूर्ण बर्ष भएको जनाएको छ । शनिबार नेपाल पत्रकार महासंघका महासचिव रोशन पुरीले जारी गर्नुभएको विज्ञप्तिमा अघिल्लो बर्षहरु समग्र पत्रकारिता क्षेत्रमा विभिन्न खालका चुनौति आइपरेको उल्लेख गर्नुभएको छ ।

विश्वव्यापी रुपमा देखिएको आर्थिक संकट, प्रविधि र माध्यमको विकाससँगै समग्र पत्रकारिता क्षेत्रमा नयाँ-नयाँ चुनौती देखिएको महासंघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नेपाल पत्रकार महासंघमा दर्ता भएका श्रम समस्याहरू विस्तारै हल हुँदै गए पनि श्रमको दीर्घकालीन समस्या समाधानमा अबका वर्षमा मुख्य ध्यान दिनुपर्ने आवश्यकता महासंघले औँल्याएको छ ।

सञ्चार क्षेत्रमा देखिएको आर्थिक संकटसँग जुध्ने र प्रविधिलाई आत्मसात गरेर अगाडि बढ्नुपर्ने चुनौती आइपरेको महासंघले स्पष्ट पारेको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका घटना गत वर्षको तुलनामा बढेका छन् । आमसञ्चार नीतिलाई कार्यान्वयन गर्न बन्नुपर्ने कानुनी मस्यौदा अपेक्षाकृत अगाडि बढ्न नसकेको महासंघले जनाएको छ । तीनवटै तहका सरकारले बनाएका र बनाउने कानुन प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामैत्री बनाउन थप दबाब दिन आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ ।

२०८० सालमा प्रेस स्वतन्त्रता हननका ६४ वटा घटना भएका छन् । पत्रकारलाई समाचार प्रकाशन/प्रसारण भएकै कारण धम्की तथा दुर्व्यवहार गर्ने, आक्रमण गर्ने, पक्राउ गर्ने, सूचना संकलनमा अवरोध गर्नेजस्ताको विवरण पनि महासंघले सार्वजनिक गरेको छ । जसअनुसार २०७९ सालमा प्रेस स्वतन्त्रता हननका ५१ वटा घटना भएका थिए भने २०७८ मा प्रेस स्वतन्त्रता हननका ७४ घटना भएका थिए ।

नेपाल पत्रकार महासंघले नयाँ वर्षसँगै समग्र पत्रकारिता क्षेत्रमा देखिएको संकटका विषयमा बहस प्रारम्भ गरेको महासचिव पुरीले बताउनुभयो । वैशाख २१ र २२ गते लुम्बिनीमा हुने महासंघको महाधिवेशनलाई यही विषयमा केन्द्रित गरिएको उहाँले जानकारी गराउनुभयो ।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# चट्याङ लागेर पदमपोखरीकी वाईबा घाइते

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१३, पदमपोखरीमा चट्याङ लागेर एक महिला घाइते भएकी छिन् । घाइते हुनेमा पदमपोखरी चक्रिय विकास टोल बस्ने ६६ वर्षीया ठूलीमाया वाईबा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

आइततबार दिउँसो वाईबा आफ्नै घरमा बस्दै गरेको अवस्थामा अचानक चट्याङ लागि घाइते भएकी हुन् । घाइते वाईबालाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएको छ । वाईबाको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर्थिक विकास महाशाखा(कृषि विकास शाखा)
हेटौंडा, मकवानपुर

## अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

*(दोश्रो पटक सूचना प्रकाशित मिति:२०८१।०१।०३ गते)*

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व.२०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मह प्रवर्द्धन कार्यक्रम (चेपाङ समुदाय) साझेदारीमा सञ्चालन गर्न उपमहानगरपालिका क्षेत्र भित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समूहहरु तथा कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात)औं दिन (मिति: २०८१।०१।०९ गते) सम्म कार्यालय समयमा आवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघि प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

**तपशिल**

| क.सं. | कार्यक्रमको नाम | बजेट | साझेदारी प्रतिशत | साझेदार संस्था/ आवेदक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मह प्रवर्द्धन कार्यक्रम (चेपाङ समुदाय) | १०,००,०००/- | ५० प्रतिशत | कृषक/कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० |

**आवश्यक कागजातहरू:**

१. निवेदन, हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुपर्नेछ ।
२. संस्थाको हकमा दर्ता गरेको प्रमाणपत्रको प्रतिलिपी (नवीकरणसहित) र कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
३. संस्थाको स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र लेखा परिक्षण प्रतिवेदन ।
४. कार्यक्रम माग गर्ने संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
५. प्रस्ताव अनुसारको लागत अनुमान ।
६. प्रतिबद्धता पत्र ।
७. सम्बन्धित वडा कार्यालयबाट चेपाङ समुदाय भएको सिफारीस पत्र ।
८. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र ।

**नोट**: विगत ३ वर्षदेखि कुनै पनि संघ प्रदेश तथा स्थानीय सरकारबाट सम्बन्धित शिर्षकमा अनुदान नलिएको हुनुपर्नेछ । निवेदन फारम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

**हेटौंडा उपमहानगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, हेटौंडा**
**सम्पर्क मो.९८६१२३६२०६, ९८४६४०६९८३, ९८४५६२२४४४**

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

*(प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/०१/०३)*

## औजार उपकरण खरिदसम्बन्धी दरभाउपत्र आव्हानको सूचना

आ.व. २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार जनस्वास्थ्य कार्यालय, मकवानपुरको लागि दरभाउपत्रको माध्यमबाट तपसीलका सामग्रीहरु खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक बिक्रेता, फर्म वा संस्थाहरुले मिति २०८१/०१/१७ गतेसम्म रु. १,०००/- (रुपैयाँ एक हजार मात्र) पछि फिर्ता नहुने गरी यस कार्यालयको कोड नं. ३७००१३२१६३ खाता नं. १०००१००२०००१०००० राजश्व शीर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैङ्क, हेटौंडा शाखामा जम्मा गरेको सक्कल राजश्व भौचरसहित दरभाउपत्रदाताले आ.व. २०८०/८१ का लागि नवीकरण गरेको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) र मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व. २०७९/८० को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी मिति २०८१/०१/१८ गते दिनको १२:०० बजे भित्र e–submission मार्फत मात्र भर्न सकिनेछ । यसका लागि www.bolpatra.gov.np/egp मा फारम उपलब्ध छ । यस सम्बन्धमा विस्तृत सूचना कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

| सि.नं. | दरभाउपत्र नं. | कामको विवरण | धरौटी रकम | कै |
|---|---|---|---|---|
| १ | FY2080-81/SQ-001 | Procurement of IT Equipment for Schools | ३००००.०० | |
| २ | FY2080-81/SQ-002 | Procurement of Equipment for Open Gym | ३००००.०० | |
| ३ | FY2080-81/SQ-003 | Procurement of Goods for Growth Monitoring | ४००००.०० | |

**नोट**:
१) उपरोक्त दरभाउपत्र अनुसारको कार्यक्रममा संघीय सरकार वा बागमती प्रदेश सरकारबाट बजेट निकासा नभएमा जुनसुकै समयमा दरभाउ पत्र तथा खरिद प्रक्रिया रद्द गर्न सकिनेछ ।
२) खुला ब्यायामशालाको हकमा जनस्वास्थ्य कार्यालय, मकवानपुरले तोकेको स्थानमा सामान ढुवानी गरी Installation समेत गर्नुपर्नेछ । सोका लागि थप रकम भुक्तानी गरिने छैन ।

# बालजागृतिका विद्यार्थीको आवाज

## रेडियोमा अन्तरवार्ता (अनुभव)



**आध्या कोईराला**

मिति २०८०/१२/३० गते शुक्रबार, मेरो बाबा क्याम्पसबाट आएपछि मलाई छोरी आज तिमीलाई रेडियो निकास ९३.४ मेगाहर्जमा "विद्यार्थीका कुरा" कार्यक्रममा बोल्नुपर्छ भन्नुभयो । शुरुमा त म धेरै नै आत्तिए, के बोल्ने, कसरी बोल्ने भन्ने लाग्यो । १:३० मा स्टुडियो पुग्नु पर्ने थियो । मनमा कुरा खेलिरहेका थिए, तर पनि जाने तयारी गर्न थालेँ ।

बाबाले मलाई आत्तिनु पर्दैन, आफूलाई थाहा भएका र आफूले जानेका कुराहरु स्पष्टसँग बोल्नुपर्छ भन्नुभयो । त्यसपछि मेरो डर पनि कम हुन थालेको थियो, तर पूरै हटेको थिएन । हामी स्टुडियोमा १:३० तिर पुग्यौं । समृद्ध समाज राष्ट्रिय दैनिकको अफिसमा बाबाका साथीहरुसँग भेट भयो । उहाँहरुसँग बोलेपछि अझै डर कम भयो । एकछिन पछि म र मेरै विद्यालय बालजागृति इंग्लिस सेकेण्डरी स्कुलमा पढ्ने कक्षा–९ मा जानुभएका दादा रिदम घिमिरेलाई स्टुडियोमा लानुभयो ।

त्यहाँ काम गर्ने दिदीले पनि नआत्तिनु भन्नुभयो । एकछिन हामीसँग गफ गर्नुभयो । यसले मलाई अझ सजिलो भयो । उहाँले कार्यक्रम सुरु गर्नुभयो । मैले नडराई बोलेपछि सुन्दा राम्रो लाग्यो । यसरी कार्यक्रममा बोल्नुपर्छ, सुरुमा देखिएका डरहरुलाई निडरमा परिवर्तन गर्न सहयोग गर्नुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद दिन चाहान्छु र यो अवसर प्रदान गर्नु हुने सुरेश श्रेष्ठ सर तथा रेडियो निकास परिवारलाई हार्दिक आभार प्रकट गर्दछु ।

*कक्षा-५*

## शिक्षा



**गरिमा घिताल**

शिक्षा नै हो ज्ञानको ज्योति
कम छैन मूल्य भन्दा हीरा-मोती
शिक्षकले छर्छ ज्ञानको दीप
सिकाउँछ हामीलाई अनेकौं सीप ।


जतातते छ ज्ञान-गुनका कुरा
शिक्षा बिना हामी हुन्छौं अनुरा
जन्मदेखि मृत्युसम्म चाहिन्छ शिक्षा
गुरु वर्गसँगै हामीले लिन्छौं दीक्षा ।

शिक्षा लिना विद्यालय जान्छन् साना बाबुनानी
पढेपछि बन्छौं हामी असल र ज्ञानी
छोराछोरी दुबैलाई धेरै पढ्नुपर्छ
पढी, लेखी राम्रो बाटोमा अघि बढ्नुपर्छ ।

शिक्षा नै हो हामी सबको जिन्दगीको साथी
शिक्षा पाई बढ्छौं हामी धेरै माथि माथि
शिक्षा बिना जतातते छ है अन्धकार
नपढेमा जीवन हाम्रो बन्द्ध बेकार ।

*कक्षा-४*



**आरभ अर्याल**
**कक्षा-8**

## प्रथम संस्करणको अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न

# ६१ स्वर्णसहित बागमती प्रदेशले जित्यो उपाधि

समाज संवाददाता

हेटौंडाः प्रथम अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता हेटौंडामा सम्पन्न भएको छ। चितवनको भरतपुर महानगर पालिकाको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सुरु भएको प्रतियोगिता आइतबार हेटौंडा-६ स्थित गौरीटार र गशालामा सम्पन्न भएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्य तथा बागमती प्रदेशको सामाजिक विकासमन्त्री एवम् प्रदेश खेलकुद विकास परिषद्की अध्यक्ष कुमारी मोक्तानको सभाध्यक्षतामा समापन तथा पुरस्कार वितरण कार्यक्रम भएको थियो। पुरस्कार वितरण कार्यक्रममा आन्तिरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, भौतिक पूर्वाधारमन्त्री युवराज दुलाल, कृषि तथा पशुपछी विकासमन्त्री राजेन्द्रमान श्रेष्ठ र प्रदेश खेलकुद विकास परिष्दका सदस्यसचिव सूर्यलाल भण्डारीको पनि आतिथ्य रहेको थियो ।

विभिन्न ९ वटा खेल विधामा प्रतिस्पर्धा भएको प्रतियोगितामा बागमती प्रदेशले ६१ वटा स्वर्ण, ४३ वटा रजत र ३६ वटा कास्यगरी १ सय ४० वटा पदक प्राप्त गर्दै उपाधि जित्न सफल भएको छ। २१ वटा स्वर्ण, २१ वट रजत र २९ वटा कास्य गरी ७१ वटा पदक प्राप्त गर्दै सुदूरपश्चिम प्रदेश द्वितीय भएको छ भने १६ वटा स्वर्ण, २३ वटा रजत र ३६ वटा कास्य गरी ७५ वटा पदक प्राप्त गर्दै कोशी प्रदेश तृतीय भएको छ।

११ वटा स्वर्ण, १८ वटा रजत र २० वटा कास्यगरी ४९ पदक प्राप्त गरेको गण्डकी प्रदेश तालिकाको चौथो स्थानमा परेको छ। यस्तै, ११ वटा स्वर्ण, १६ वटा रजत र २८ वटा कास्य गरी ५५ वटा पदक प्राप्त गरेको लुम्बिनी प्रदेश तालिकाको पाँचौं स्थानमा रहेको छ भने ११ वटा स्वर्ण, १० वटा रजत र २४ वटा कास्य गरी ४५ वटा पदक प्राप्त गर्दै कर्णाली प्रदेश छैटौं भएको छ। ३ वटा स्वर्ण, ३ वटै रजत र १५ वटा कास्य गरी २१ वटा पदक प्राप्त गरेको मधेश प्रदेश तालिकाको पुच्छारमा परेको छ।

प्रतियोगिताअन्तर्गत् महिला क्रिकेटमा सुदूरपश्चिम प्रदेशले स्वर्ण जित्दा कोशी प्रदेशले रजत पदकमा चित्त बुझाउनु परेको छ। पुरुष क्रिकेटमा गण्डकी प्रदेशले स्वर्ण प्राप्त गर्दा मधेश प्रदेशले रजत पदक प्राप्त गरेको छ। महिला भलिबलमा बागमतीले स्वर्ण पदक प्राप्त गर्दा गण्डकी प्रदेशले रजत पदक प्राप्त गरेको छ। यस्तै, पुरुष भलिबलमा गण्डकी प्रदेशले स्वर्ण जित्दा कोशीले रजत पदक प्राप्त गरेको छ भने सुदूरपश्चिमले कास्य पदकमा चित्त बुझाउनुपरेको छ।

बक्सिङमा बागमतीले ९ वटा स्वर्ण, ६ वटा रजत र ६ वटै कास्य गरी २१ वटा पदक जितेको छ भने गण्डकी प्रदेशले ५ वटा स्वर्ण, ३ वटा रजत र ६ वटा कास्य गरी १४ वटा पदक प्राप्त गरेको छ। कर्णाली प्रदेशले ४ वटा स्वर्ण, २ वटा रजत र ७ वटा कास्य गरी १३ वटा पदक प्राप्त गरेको छ। सुदूरपश्चिमले ३ वटा स्वर्ण, १ वटा रजत र ६ वटा कास्य गरी १० वटा पदक प्राप्त गरेको हो। कोशीले २ वटा स्वर्ण, ५ वटा रजत र ६ वटा कास्य गरी १३ वटा पदक जित्दा स्वर्णविहीन भएको लुम्बिनीले ६ वटा रजत र ५ वटा कास्य गरी ११ वटा पदक जितेको थियो। बक्सिङमा स्वर्ण र रजत पदकविहीन बनेको मधेश प्रदेशले ५ वटा कास्यमा चित्त बुझाएको छ।

यस्तै, कराँतेमा ९ वटा स्वर्ण, ३ वटा रजत र ४ वटा कास्य पदक बागमतीले जित्दा लुम्बिनीले ४ वटा स्वर्ण, ३ वटा रजत र २ वटा कास्य पदकमा सिमित बन्नुपरेको छ। सुदूरपश्चिम प्रदेशले ३ वटा स्वर्ण, २ वटा रजत र ५ वटा कास्य पदक प्राप्त गरेको छ भने कोशी प्रदेशले १ वटा स्वर्ण, १ वटा रजत र ६ वटा कास्यपदकमै सिमित भएको हो। स्वर्णबिहीन भएको मधेश प्रदेश १ रजत र ७ वटा कास्य पदक एवम् गण्डकी १ रजत र ५ वटा कास्य पदक प्राप्त ग रेको छ।

तेक्वान्दोतर्फ पनि बागमतीले ७ वटा स्वर्ण, ४ वटा रजत र ९ वटा कास्य गरी २० पदकसहित प्रथम भएको छ। सुदूरपश्चिम प्रदेशले ५ वटा स्वर्ण, ३ वटा रजत र २ वटा कास्य पदक प्राप्त गर्दै द्वितीय हुँदा कोशीले ५ स्वर्ण, २ वटा रजत र ६ वटा कास्य पदक प्राप्त गर्दै तृतीय भएको हो। लुम्बिनीले ३ वटा स्वर्ण, १ वटा रजत र ११ वटा कास्य पदक प्राप्त गर्दै चौथो भएको छ। कर्णालीले १ वटा स्वर्ण, २ वटा रजत र ३ वटा कास्य पदक प्राप्त गरेको छ भने गण्डकीले ९ वटा रजत र ४ वटा कास्य पदकमा चित्त बुझाउनुपरेको छ।

एथ्लेटिक्समा बागमतीले ७ वटा स्वर्ण, ७ वटै रजत र ८ वटा कास्य पदक गरी २२ पदक प्राप्त गर्दै प्रथम भएको छ भने सुदूरपश्चिम प्रदेशले ५ वटा स्वर्ण, ३ वटा रजत र २ वटा कास्य पदक प्राप्त गर्दै द्वितीय भएको छ। कोशीले ५ वटा स्वर्ण, २ वटा रजत र ६ वटा कास्यपदक प्राप्त गर्दा लुम्बिनीले ३ वटा स्वर्ण १ रजत र ११ वटा कास्य पदक प्राप्त गरेको छ। कर्णालीले १ स्वर्ण, २ रजत र ३ वटा कास्य पदक प्राप्त गरेको छ। स्वर्णविहीन बनेको गण्डकीले ९ रजत र ४ वटा कास्य पदक प्राप्त गरेको हो भने मधेश प्रदेशले ३ वटा कास्य पदकमात्र प्राप्त गरेको हो।

पौडीमा बागमतीले २७ वटा स्वर्ण, १९ रजत र ७ कास्य पदक प्राप्त गरेको छ। सुदूरपश्चिम प्रदेशले ३ वटा स्वर्ण, ८ वटा रजत र ७ वटा कास्य पदक प्राप्त गरेको हो भने स्वर्णविहीन बन्दै लुम्बिनीले ३ वटा रजत प्राप्त गरेको छ। कोशीले ३ रजत र १३ कास्य पदक प्राप्त गरेको हो। कर्णाली, गण्डकी र मधेश प्रदेश पदकबिहीन भएको छ।

ब्याडमिन्टनमा कोशीले ४ वटा स्वर्ण, १ वटा रजत र ३ वटा कास्य पदक प्राप्त गरेको हो भने गण्डकीले २ वटा स्वर्ण, २ वटा रजत र ३ वटा कास्य पदक प्राप्त गरेको हो। बागमतीले १ वटा स्वर्ण, ३ वटा रजत र २ वटा कास्य पदक प्राप्त गर्दा कर्णाली स्वर्णबिहीन हुँदै १ वटा र जत र २ वटा कास्य पदक प्राप्त गरेको छ। सुदूरपश्चिम ७ वटा कास्यपदकमा नै सिमित छ।

## ६ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः रामेछाप काभ्रे मैत्री समाजको आयोजनामा रक्तदान कार्यक्रम भएको छ। रक्तदान कार्यक्रममा ६ जना पुरुषले रक्तदान गरेका छन्।

हेटौंडा उपमहानगरपालिका-१ स्थित अमर माध्यमिक विद्यालयमा आइतबार बिहान रक्तदान कार्यक्रम भएको थियो। नयाँ वर्षको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो।

कार्यक्रममा हेटौंडा-१ को वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्य रहेको रक्तसञ्चार केन्द्रको प्राविधिक सापकोटाले जानकारी दिनुभयो। आज सोमबार चौघडा बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा रक्तदान कार्यक्रम हुने प्राविधिक सापकोटाले बताउनु भयो।

मकवानपुर होटल एसोसिएसनको
**जग्गा विक्रीसम्बन्धी सूचना**
*दोस्रोपटक सूचना प्रकाशित मिति: २०८१/०१/०३ गते*
मकवानपुर होटल एसोसिएसनको नाममा रहेको हेटौंडा-७, न्यूरेनीस्थित ९.२५ धुर जग्गा (कित्ता नम्बर १२०५६) विक्री गर्नुपर्ने भएकोले जग्गा खरिद गर्न चाहने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र सिलबन्दी दर प्रस्ताव गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।
**सम्पर्कः ९८५५०-२५७०५**
**मकवानपुर होटल एसोसिएसन**

**नयाँ बर्षको शुभकामना**

नयाँ वर्ष २०८१ को शुभ अवसरमा सहकारी अभियानमा आवद्ध सम्पूर्ण सेयर सदस्यमा सामाजिक एवम् आर्थिक विकासका साथ–साथै सुख शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रूपक राज बज्राचार्य, अध्यक्ष
**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर

**नयाँ बर्षको शुभकामना**

नयाँ वर्ष २०८१ को शुभ अवसरमा सहकारी अभियानमा आवद्ध सम्पूर्ण सेयर सदस्यमा सामाजिक एवम् आर्थिक विकासका साथ–साथै सुख शान्ति एवम् समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हिमाल पौडेल,अध्यक्ष
**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-६, मकवानपुर


## ज्योति र सजिलोको एकीकृत कारोबार सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित ज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेड र हेटौंडा-४ स्थित सजिलो उपभोक्ता सहकारी संस्था लिमिटेडको एकीकरणपछि आइतबारबाट एकीकृत कारोबार सुरु भएको छ। हेटौंडा उपमहानगरपालिकाको सहकारी शाखा प्रमुख हेम प्रसाद पौडेलले एकीकृत भएपछि बनेको ज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको उद्घाटन गर्नुभयो। एकीकृत भएपछि कार्यालय हेटौंडा-२ मा सञ्चालन गरिएको छ। एकीकरण पश्चात सहकारी संस्थाको सेयर सदस्य ६ सय ५० पुगेको छ भने शेयर पुंजी ९८ लाख रुपैयाँ पुगेको छ। बचत ३ करोड २० लाख र ऋण ३ करोड ९० लाख पुगेको छ। कार्यक्रम सहकारीका अध्यक्ष विवेक पराजुलीको अध्यक्षतामा भएको हो। कार्यक्रममा साविक सजिलो उपभोक्ता सहकारी संस्था लिमिटेडका अध्यक्ष ध्रुव प्रसाद अधिकारीको पनि उपस्थिति रहेको थियो। केही समयअघि मात्रै विशेष साधारणसभा गरेर दुईवटा सहकारीको एकीकृत भएको थियो। एकीकरणपछि ज्योति बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष विवेक पराजुलीको अध्यक्षतामा नयाँ समिति चयन भएको थियो।

**नयाँ बर्षको शुभकामना**

नयाँ वर्ष २०८१ को शुभ अवसरमा सम्पूर्ण ग्राहक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विष्णुहरि पौडेल, प्रोप्राइटर
**एवम् पौडेल बेकरी उद्योग परिवार**
हेटौंडा-४, पारिजातपथ

**नयाँ बर्षको शुभकामना**

नयाँ वर्ष २०८१ को शुभ अवसरमा सम्पूर्ण ग्राहक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. पूर्ण शाक्य
**पूर्ण शाक्य एण्ड सन्स**
हेटौंडा-२,कान्तिराजपथ

**नयाँ बर्षको शुभकामना**

नयाँ वर्ष २०८१ को शुभ अवसरमा सम्पूर्ण ग्राहक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
**ॐ आयल डिष्ट्रीब्युटर्स**
हेटौंडा-४,मकवानपुर

**नयाँ बर्षको शुभकामना**

नयाँ वर्ष २०८१ को शुभ अवसरमा सम्पूर्ण ग्राहक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. प्रेम शाक्य
**पूर्ण शाक्य एण्ड ब्रदर्श**
हेटौंडा, मकवानपुर

